# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८०/२०८२/०८३

## मितिः २०८२।०७।२७ गते बसेको बैठक

**प्रस्तुत विषयमा कानेपोखरी गाउँपालिका, मोरङको गाउँ कार्यपालिकाको ८० औं बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री राजमती इङ्गनामज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा छलफल गरियो।**

**बैठक बसेको समयः बिहान :९.०० बजे।**

**<u>तपसिल</u>**

| प्रस्तावको विषय | प्रस्ताव नं. |
|---|---|
| अघिल्लो गाउँ कार्यपालिकाको बैठक समिक्षा सम्बन्धमा। | १ |
| वडास्तरीय योजना संचालन सम्बन्धमा। | २ |
| चिसाङखोला तटबन्धन ठेक्का सम्बन्धमा। | ३ |
| करारका कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धमा। | ४ |
| जिल्ला प्रशासन कार्यालय,मोरङलाई कार्यालय व्यवस्थापन खर्च सहयोग सम्बन्धमा। | ५ |
| स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि-२०८२ सम्बन्धमा । | ६ |
| विविध। | ७ |

**गाउँपालिका**
**अध्यक्ष**

उपरोक्त बमोजिमका प्रस्तावहरु कानेपोखरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मार्फत् मिति २०८२।०७।२६ गते जानकारी भयो।

गाउँपालिका उपाध्यक्ष    १ नं. वडा अध्यक्ष    २ नं. वडा अध्यक्ष    ३ नं. वडा अध्यक्ष

४ नं. वडा अध्यक्ष    ५ नं. वडाध्यक्ष    ६ नं. वडा अध्यक्ष    ७ नं. वडा अध्यक्ष

**<u>गाउँ कार्यपालिकाका सदस्यहरुः</u>**

पदम कुमारी कार्की    साउनी माझी    सुशिला श्रेष्ठ    प्रमिला परियार

झपटुलाल राजबंशी    सुफल मुर्मु सतार    रखिलाल चौधरी    केशव दाहाल

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८०/२०८२/०८३
## मितिः २०८२।०७।२७ गते बसेको बैठक

**श्री**

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम कानेपोखरी गाउँपालिका, मोरङको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री राजमती इङ्नामज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीहरुको उपस्थितिमा बसी पूर्व निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन मितिः २०८२।०७।२७

बैठक सञ्चालन स्थानः कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालय, भौंसाबारी, मोरङ।

बैठक बसेको समयः बिहान ९:०० बजे।

### उपस्थिति

| सि.नं. | पदाधिकारीहरुको नाम थर | पदाधिकारीको दर्जा | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री राजमती इङ्नाम | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री भोला प्रसाद अधिकारी | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री रत्न बहादुर कार्की | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री सुशील बुढाथोकी | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री गोपाल बहादुर कार्की | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री रमेश राउत | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री चरण गुरुङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री खड्गबहादुर बस्नेत | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री मोहनप्रसाद अधिकारी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री पदमकुमारी कार्की | गाउँ कार्यपालिका सदस्य | |
| ११. | श्री सुशिला श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १२. | श्री प्रमिला परियार | गाउँ कार्यपालिका सदस्य | |
| १३. | श्री साउनी माझी | गाउँ कार्यपालिका सदस्य | |
| १४. | श्री झपटुलाल राजबंशी | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री सुफल मुर्मु सतार | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री हिराकुमारी यादव, प्रमुख प्र.अधिकृत | गाउँ कार्यपालिका सचिव | |
| १७. | श्री केशव दाहाल, | का.वा.वडाध्यक्ष, २ नं. वडा | |
| १८. | श्री रखीलाल चौधरी | का.वा.वडाध्यक्ष, ५ नं.वडा | |

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८०/२०८२/०८३
## मितिः २०८२।०७।२७ गते बसेको बैठक

निर्णय नं.(१)

प्रस्ताव नं.(१) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिका गाउँ कार्यपालिका बैठकको गणपुरक संख्या पुरा भएको हुँदा बैठक संचालन प्रकृया अघि बढाई अघिल्लो बैठकको निर्णयहरुको समिक्षा तथा बिश्लेषण गरियो।

निर्णय नं.(२)

प्रस्ताव नं.(२) का सम्बन्धमा छलफल गर्दा आ.व.२०८२।०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा वडास्तरीय स्वीकृत पूँजीगत प्रकृतिका पूर्वाधार विकासका कार्यक्रमहरु सञ्चालन गर्ने गराउने तथा विशेष गाउँसभाको निर्णय बमोजिम प्रत्येक वडामा विनियोजित चालु कार्यक्रम मध्येबाट प्रति वडा रु.५ लाख सम्मका कार्यक्रमहरु संशोधन(हटाउने) गरी वडाको सिफारिस सहित गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने निर्देशन गराउने कार्य प्रकृया अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं.(३)

प्रस्ताव नं.(३) का सम्बन्धमा छलफल गर्दा गाउँसभा अधिवेशन तथा विपद व्यवस्थापन समितिको निर्णायनुसार आगामी गाउँसभाबाट स्रोत सुनिश्चित गरी बहुबर्षीय योजनाका रुपमा चिसाङखोला तटबन्धन ठेक्का प्रक्रिया अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं.(४)

प्रस्ताव नं.(४) का सम्बन्धमा छलफल गर्दा करार तथा ज्यालादारी कर्मचारी व्यवस्थापन गर्न नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०८२।०६।०५ मा भएको निर्णयानुसार अर्थ मन्त्रालयको प.स. २०८२।०८३ (बजेट) च.नं.११८,मिति २०८२।०६।०७ निर्णय कार्यान्वयन बमोजिम गर्ने/गराउने सम्बन्धी पत्रको बुँदा नं. ख (५) ङ मा उल्लेख भएको 'नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहमा" स्वीकृत दरबन्दी बाहेकमा अस्थायी तथा करारमा कर्मचारी राख्न नपाउने भनी उल्लेख भएकोमा बुँदा उपर छलफल गर्दा कानेपोखरी गाउँ कार्यपालिकाको मिति २०८२।०४।०७ गतेको बसेको बैठकको निर्णयानुसार यस गाउँपालिकामा करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुको चालु आ.व. ०८२।०८३ का लागि मिति २०८२।०९।३० गते सम्म म्याद थप भई काम काज गरी आईरहेका कर्मचारीहरुलाई सेवा प्रवाहमा असर पर्न नदिन पुस मसान्त सम्म निरन्तर कामकाजमा लगाउने । उक्त समयावधी सम्ममा स्वीकृत दरबन्दी बमोजिम कर्मचारी व्यवस्थापन गर्ने, कानेपोखरी अस्पताल तथा स्वास्थ्य सेवामा स्वीकृत दरबान्दीमा रहेका कार्यरत कर्मचारीहरुबाट कानेपोखरी अस्पतालमा Emergency सेवा सञ्चालन गर्न असम्भव हुने भएकोले अस्पतालमा आवश्यक्तानुसार करार कर्मचारी व्यवस्थापन गरी सेवा सञ्चालनलाई निरन्तरता दिने तथा चालु आ.व.मा कार्यरत करार सेवाका कर्मचारीहरुलाई

कामकाजमा लगाउन तथा अर्को निर्णय नभएसम्मको लागि कुनै पनि कर्मचारीलाई नहटाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय सर्वसम्मतबाट पारित गरियो।

<u>निर्णय नं.(५)</u>

प्रस्ताव नं.(५) का सम्बन्धमा छलफल गर्दा भदौ २३ र २४ गते को GENZ आन्दोलनले जिल्ला प्रशासन कार्यालय,मोरङको कार्यालयमा भौतिक संरचना तथा सम्पति क्षति भएकाले उक्त कार्यालय व्यवस्थापनको लागि रु.१,००,०००।—(अक्षेरुपी एक लाख) विपद व्यवस्थापन कोष शीर्षकबाट भुक्तानी खर्च लेख्ने गरी भुक्तानी दिने गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

<u>निर्णय नं.(६)</u>

प्रस्ताव नं.(६) का सम्बन्धमा छलफल गर्दा "स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि,२०८२" बमोजिम यस कार्यालयमा कार्यरत श्री अलङ गुरुङलाई कार्यविधि स्वीकृत भएको मिति देखि लागू हुने गरी सातौं तहमा कायम हुने गरी निर्णय गरियो।

<u>निर्णय नं.(७)</u>

प्रस्ताव नं.(७) का सम्बन्धमा छलफल गर्दा विविध बुँदामा छलफल भई तपसिल बमोजिमको निर्णय गर्न भनि सर्वसम्मतबाट पारित गरियो।

१. यस कानेपोखरी गाउँपालिकामा स्थानीय प्रशासन सेवा, सामान्य प्रशासन समुह, सहायकस्तर पाँचौ तह, सहायक पदमा कार्यरत क.सं.नं २३५८६० की सरिता श्रेष्ठ कार्यालयको गोप्य सूचनाहरु लिकेज गर्नुका समेत खटाइएको जिम्मेवारीमा समेत पूरा नगर्ने र अन्य कर्मचारीहरुलाई समेत कामकाज गर्ने वातावरण बिगार्ने लगाएतका आचरण विपरितका कार्यहरु पटक-पटक गर्ने गरेको हुँदा निज कर्मचारीलाई कोशी प्रदेशको स्थानीय सरकारी सेवा(गठन तथा संचालन) २०८० को परिच्छेद ४ को दफा २४ को उपदफा ४ बमोजिम यस कार्यालयबाट अन्य स्थानीय तहमा सरुवा गर्नको लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय कोशी प्रदेश विराटनगरमा लेखि पठाउने निर्णय गरियो ।

कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८०/२०८२/०८३
मितिः २०८२।०७।२७ गते बसेको बैठक